प्रेस विज्ञप्ती

# सिद्धार्थ बैंक लिमिटेड नेपाल प्रिमियर लिगको मुख्य प्रायोजक

*मंसिर २, २०८१, काठमाडौं*

सिद्धार्थ बैंक लिमिटेड क्रिकेट संघ नेपाल (क्यान)द्वारा आयोजना हुन गइरहेको नेपाल प्रिमियर लिग २०२४ देखी २०२९ सम्म (५ वर्ष)को मुख्य प्रायोजकको रुपमा आवद्ध भएको छ । क्यानले कार्तिक ३० गते क्यानका पदाधिकारीज्यूहरु, बैंक संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यू, संचालक समितिका सदस्यज्यूहरु, बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुन्दर प्रसाद कडेलज्यू, व्यवस्थापन समूह, बैंकको भगिनी संस्थाका अध्यक्षज्यूहरु र प्रमुख कार्यकारी अधिकृतज्यूहरुको उपस्थितिमा एक कार्यक्रम आयोजना गरी नेपाल प्रिमियर लिगको मुख्य प्रायोजक सार्वजनिक गरेको थियो । सिद्धार्थ बैंक नेपाल प्रिमियर लिगको प्रथम संस्करण आगामी मंसिर १५ देखि पौष ६ गतेसम्म कीर्तिपुर स्थित टी.यू अन्तर्राष्ट्रिय मैदानमा हुँदैछ ।

नेपाल क्रिकेट जगतलाई थप उचाइमा पुऱ्याउने उद्देश्यका साथ सिद्धार्थ बैंक यस लिगसँग जोडिएको धारणा बैंकका अध्यक्ष श्री मनोज कुमार केडिया ज्यूले व्यक्त गर्नु भएको थियो । साथै, बैंकका प्रमुख कार्यकारी अधिकृत ज्यूले मन्तव्य प्रस्तुत गर्दै बैंकको यस समन्वयले नेपालमा क्रिकेटको स्तर नयाँ उचाइमा पुऱ्याइ देशको आर्थिक र सामाजिक विकासमा योगदान पुऱ्याउन मद्दत पुग्ने धारणा व्यक्त गर्नु भएको थियो ।

पछिल्ला दिनहरूमा क्रिकेट खेलले सबै उमेर समूहका मानिसहरूमा अत्यधिक लोकप्रियता प्राप्त गरेको र खेलभन्दा बढी राष्ट्रिय भावनाको रूपमा हेर्ने गरिएकोले पनि बैंक नेपाल प्रिमियर लिगको ५ वर्षको लागि मुख्य प्रायोजकको रुपमा जोडिएको हो । यस समन्वयले नेपालको क्रिकेट विकासमा योगदान गर्दै खेलाडीहरूमा प्रतिस्पर्धात्मक अनुभव प्राप्त गर्न मद्दत पुऱ्याउनेछ भन्ने विश्वास बैंकले लिएको छ ।